# *तीन घुम्ती* उपन्यासको वात्स्यायनशास्त्रीय विश्लेषण

उर्मिला शर्मा
उपप्राध्यापक, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
इमेल : sharma.urmila21018@gmail.com

**लेखसार**

*आख्यानकार विश्वेश्वरप्रसाद कोइराला प्रथम आधुनिक मनोवैज्ञानिक कथाकार र विसङ्गतिवादी-अस्तित्ववादी विचारका उपन्यासकार हुन् । फ्रायडवादी जीवनदृष्टि र अस्तित्ववादी मान्यताका आधारमा यिनका कथा-उपन्यासहरूको अध्ययन भएको छ । यिनका कथा-उपन्यासमा प्रथम पूर्वीय मनोवैज्ञानिक चिन्तक आचार्य वात्स्यायनको कामशास्त्रीय प्रभाव पनि पाइन्छ । कोइरालाका आख्यानमा वात्स्यायन र फ्रायडका विशेषताहरूलाई तुलनात्मक रुपमा खोज र विश्लेषण गर्ने सन्दर्भमा उपन्यासमा पाइने कामसूत्रीय प्रभावको समष्टिगत खोज र अध्ययन भए पनि कुनै पनि निश्चित उपन्यास कृतिमा केन्द्रित भई विशिष्टीकृत रूपमा त्यो काम हुन सकेको छैन । यस लेखमा उनको पहिलो उपन्यास 'तीन घुम्ती'मा कामशास्त्रीय प्रभावको खोज र विश्लेषण गरिएको छ । वात्स्यायनको कामसूत्रले कामवृत्तिको सर्वोच्चता, नारीस्वतन्त्रता, नारी यौनमनोविज्ञान, युवाकेन्द्री मनोविज्ञान, सम्भोग सिद्धान्त, आचारहीनता र कामान्धताको विरोध, नारीअस्तित्व र मातृत्वको सम्मान तथा संस्कृतिसापेक्षवादको मान्यतालाई महत्त्व दिएको छ । कोइरालाको 'तीन घुम्ती' उपन्यासमा यिनै वात्स्यायनसूत्रीय मान्यताहरूको प्रभाव देखिएको छ । यस अध्ययनमा वात्स्यायनको कामशास्त्रीय सिद्धान्तका आधारमा 'तीन घुम्ती' उपन्यासको विश्लेषण गरी निष्कर्ष दिने प्रयत्न गरिएको छ ।*

**शब्दकुञ्जी** : कामवृत्ति पद्धति, कामशास्त्रीय सिद्धान्त, जीवनेच्छा, सांस्कृतिक सापेक्षवाद ।

## विषयपरिचय

प्रस्तुत लेखमा आचार्य वात्स्यायनको जीवनदृष्टि *कामसूत्र*का आधारमा विश्वेश्वरप्रसाद कोइरालाको प्रथम उपन्यास *तीन घुम्ती*को विश्लेषण गरिएको छ । वात्स्यायनका दृष्टिमा कामकलाको प्रयोग वा सम्भोग वैवाहिक नायकनायिकाबिच मात्र सम्भव मानिन्छ । यो काम नितान्त पारिवारिक सन्तुष्टि र योग्य सन्तानोत्पत्तिका निमित्त गरिन्छ । नायक नायिकाले व्यक्तिगत स्वतन्त्रताको उपयोगका निमित्त पनि यो काम गर्दछन् । नायकलाई सन्तुष्टि दिन नसक्ने नायिकालाई छोडेर नायकले गणिकागमन गर्न सक्छ । नायिकालाई कामतुष्टि दिन नसके नायकलाई छोडेर नायिकाले योग्य नायक चयन गर्न सक्छे । यसो गर्दा कुनै पनि अवस्थामा आचारहीनता, अश्लीलता र कामान्धतालाई परित्याग गर्नुपर्छ । यसो भएन भने त्यो नायक वा नायिका व्यक्तिगत र सामाजिक दुवै दृष्टिले पतित ठहर्छन् ।

मानवीय कामवृत्तिको सर्वोच्चता र सन्तुष्टिका सम्बन्धमा फ्रायडवादी मान्यता र कामसूत्रीय प्रभावको प्रयोगका दृष्टिले कोइरालाका आख्यानको अध्ययन गर्ने हो भने फ्रायडभन्दा प्रबल रूपमा वात्स्यायन उपस्थित भएको देख्न सकिन्छ । यद्यपि कोइरालाले आत्मस्वीकृतिका सन्दर्भमा फ्रायडको नाम उल्लेख गरेझैँ वात्स्यायनको प्रभावको उल्लेख गरेको पाइँदैन र फ्रायडसमेत वात्स्यायनबाट कति प्रभावित हुन् या होइनन् ? दुवै विषयले गहन खोजको अपेक्षा राख्दछन् तापनि स्रष्टाको स्वीकृतिमा कुनै विषयको सङ्केत हुनु अथवा नहुनुलाई सामान्य अवस्था मानिन्छ । अध्येता अथवा द्रष्टाले तथ्यको खोज र विश्लेषणका आधारमा कृतिभित्र जस्तो वास्तविकता फेला पार्छ, त्यही महत्त्वपूर्ण स्थिति हो । कोइरालाका कथा उपन्यासमा विधातात्त्विक रूपमै वात्स्यायनशास्त्रीय प्रभाव पाउन सकिन्छ । वात्स्यायनशास्त्रीय दृष्टिले कोइरालाका आख्यानहरूको समष्टिगत अध्ययन भए पनि *तीन घुम्ती*मा केन्द्रित अध्ययन भएको छैन । कोइरालाको पहिलो उपन्यास *तीन घुम्ती* यस दृष्टिले बढी खोज र विश्लेषणको विषय बनेको छ । यस अध्ययनमा त्यसको खोज र विश्लेषण गरिएको छ । कोइरालाको *तीन घुम्ती* उपन्यासमा पाइने कामशास्त्रीय सिद्धान्तको प्रयोगको खोज र विश्लेषणको अभावको समस्या समाधान गर्नु यस अध्ययनको उद्देश्य र सीमा दुवै हो ।

## अध्ययनको विधि

महर्षि वात्स्यायनलाई वात्स्यायन मुनि अथवा वात्स्यायन ऋषि पनि भनिन्छ । ई.पू. प्रथम सदीको छेउछाउका मानिएका पूर्वीय आचार्य वात्स्यायन र उन्नाइसौँ सदीका पश्चिमी मनोविज्ञानशास्त्री सिग्मन्ड फ्रायडले जीवनलाई हेर्ने एउटै कामवृत्तिपद्धति अवलम्बन गरे । वात्स्यायनले कामवृत्तिलाई कामकलाको संज्ञा दिँदै यसको ज्ञान र अभ्यासविनाको जीवन अधुरो र असफल ठाने भने फ्रायडले पनि मानवअचेतनभित्र ठुलो भण्डार स्थापना गरेर बसेको मानव कामवृत्तिको दमनले उसको जीवन अपूर्ण र कामवृत्तिलाई महत्त्व दिए । व्यक्तित्व संरचना र वृत्तिहरूको प्रणयनका सम्बन्धमा पनि दुवै कामशास्त्रीहरूले समान उद्देश्यलाई महत्त्व दिएका छन् । काम वृत्तिको पूर्ण ज्ञान र प्रयोग वात्स्यायनको कामसूत्रीय व्यक्तित्व संरचनाका पक्ष र वृत्तिहरूको स्थापनाको उद्देश्य हो (शर्मा, २०७५, पृ. २४-२५) । फायडले पनि अचेतन, उपचेतन र उद्देश्य दमित कामेच्छाको परितृप्ति नै मानेका छन् । यस अध्ययनमा मूलतः पुस्तकालयीय विधिकै उपयोग गरी कोइरालाका आख्यानमा र सैद्धान्तिक ग्रन्थहरूको

संकलन गरिएको छ । अध्ययनको विषय शीर्षकको कारण नै सामग्री संकलनको पुस्तकालयीय विधिको प्रयोगको बढी आवश्यक भएको हो ।

वात्स्यायन र फ्रायड दुवै कामशास्त्रीहरूले जीवनमा कामेच्छा परितृप्तिलाई महत्त्व दिँदा दिँदै पनि यसको विधि र प्रयोगमा भने स्पष्ट रूपमा युगीन भिन्नता प्रस्तुत गरेका छन् । फ्रायडको मनोवैज्ञानिक सिद्धान्त मनोविश्लेषणले जुनसुकै उपायद्वारा किन नहोस्, दमित यौनअचेतनको परितृप्तिमा भौतिक सार्थक जीवनको परिकल्पना गरेको छ । वात्स्यायनको मनोवैज्ञानिक सिद्धान्त *कामसूत्र*ले सामाजिक आचार र नीतिलाई महत्त्व दिएर कामेच्छा परितृप्तिको आध्यात्मिक सार्थक जीवनको परिकल्पना गरेको पाइन्छ (शर्मा, २०७५, पृ. २७-२९) । यी दुई कामशास्त्रीहरूको चिन्तनमा पाइने स्पष्ट भिन्नता यहीँनिर पाइन्छ । यौनअचेतनको परितृप्तिमा फ्रायडले कुनै सामाजिक, नैतिक आधार र विधिको खोजी गर्नु आवश्यक ठानेनन् । वात्स्यायनले भने कामकलाको ज्ञान र अभ्यास गर्दा आचारहीन र कामान्ध अथवा कामशक्तिलम्पट हुनु नहुने विचार दिए । उनले ठुलाठुला राजा र व्यक्तिहरूको जीवनचरित्रकै दृष्टान्त दिएर कामान्ध अथवा आचारहीन व्यक्तिको पतन अवश्यंभावी ठहराए (*कामसूत्र* : १/२ : पृ. ३३-३९) । फ्रायड कामेच्छा परितृप्तिका निमित्त वैवाहिक सम्बन्ध, पारिवारिक सन्तुष्टि, सन्तानप्राप्ति वा नायकनायिका (पतिपत्नी) बिचको व्यक्तिगत स्वतन्त्रता र अधिकार तथा श्लीलत्व-अश्लीलत्व कुनै कुराको महत्त्व देख्दैनन् तर आचार्य वात्स्यायनले भने यी पक्षहरूमा खुबै ध्यान दिएका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती* उपन्यासमा यिनै वात्स्यायनशास्त्रीय विशेषताहरूको प्रभाव रहेकाले कामसूत्रका आधारमा सैद्धान्तिक ढाँचा र अध्ययनविधि निर्माण गरी यस अध्ययनमा उक्त उपन्यासको वात्स्यायनशास्त्रीय विश्लेषण गरेर निष्कर्ष दिने प्रयत्न गरिएको छ ।

## नतिजा र विमर्श

*तीन घुम्ती* (२०२५) कोइरालाको पहिलो उपन्यास हो । यस उपन्यासमा मानवनियतिको प्रभाव र परिणामको विमर्श पाइन्छ । आचार्य वात्स्यायन नियतिलाई भाग्य ठान्छन् । उनका दृष्टिमा मानवजीवन भाग्यको अधीन हुन्छ । उनी आध्यात्मिक चिन्तक, समाजशास्त्रीय र आचारशास्त्री हुन् । उनको *कामसूत्र* विद्याले मानिसलाई विनय प्रदान गर्दछ । विनयबाट ज्ञान र सिपको विकास हुन्छ । त्यसबाट धन आर्जन हुन्छ र धनले सुख दिलाउँछ भन्ने मान्यतामा आधारित छ । उनले आफ्नो कामशास्त्रमा मानवजीवनका तीन गन्तव्यहरू– धर्म, अर्थ र कामका बारेमा प्रकाश पारेका छन् । उनी धर्मबाट अर्थाजन हुन्छ । अर्थले मानिसलाई कामको सुख दिन्छ भन्ने मान्यता राख्छन् ।

## *तीन घुम्ती* उपन्यासमा कामवृत्ति

आचार्य वात्स्यायनले जीवनमा कामवृत्तिको सर्वोच्चता प्रस्तुत गरेका छन् । कतिपय चिन्तकहरू काम-मैथुनलाई स्वाभाविक जैविक प्रक्रिया ठान्छन् र मनुष्य र पशुहरूमा यो वृत्ति सहज र समान रूपमा रहन्छ भनेर महत्त्व दिँदैनन् । वात्स्यायनले मानिसको यही सोचाइलाई गलत ठानेका छन् । उनको स्पष्ट अभिमत के छ भने कामक्रिया, सम्भोग अथवा मैथुन केका लागि गरिन्छ ? पतिपत्नीबिच यो कार्य व्यक्तिगत सन्तुष्टि, योग्य सन्तानोत्पत्ति, स्वास्थ्य वृद्धि र सफलताको निमित्त गरिन्छ । यो एउटा भौतिक र जैविक कार्य मात्र होइन, आध्यात्मिक र नैतिक कार्य पनि हो । स्त्रीपुरुष अथवा पतिपत्नी

वा युवायुवतीबिच कुनै किसिमको अज्ञानता, सङ्कोच, भय र पराधीनताको अनुभूति भयो भने यो कमी हुन सक्दैन । मानवजीवनको अस्तित्व, उत्थान र प्रगतिका निमित्त नारीपुरुष दुवैमा कामवृत्तिको राम्रो ज्ञान र सफल उपयोगको आवश्यकता पर्दछ (*कामसूत्र* : १।१।१।) । कोइरालाको उपन्यासको *तीन घुम्ती* उपन्यासले यसको प्रयोगमा सचेतता देखाएको छ ।

*तीन घुम्ती* उपन्यासमा इन्द्रमायाको प्रेमिका, भार्या र माताका तीनै रूप कामवृत्ति प्रभावित छन् । कामवृत्तिको सर्वोच्चता प्रस्तुत गर्ने सन्दर्भमा यस उपन्यासमा सम्भोग सिद्धान्त अर्थात् यौन सिद्धान्तको उदाहरणीय प्रयोग भएको छ । वात्स्यायन जीवनमा कामवृत्तिको सफल उपयोग अपेक्षित र आवश्यक ठान्छन् । यिनले जीवनमा सम्भोगलाई महत्त्व दिन कामशास्त्रको प्रणयन गरे । यसको परम्पराको खोज गरे । 'कामशास्त्र'लाई युगीन शास्त्रीय सिद्धान्तको रूपमा प्रतिष्ठापित गरे । त्यति मात्र होइन, जीवनमा कामशास्त्रको ज्ञान र अध्ययनलाई महत्त्व दिए । सम्भोग सिद्धान्तको प्रतिपादन गरे । युवाकेन्द्री यौनव्यापारलाई कामकलाको संज्ञा दिँदै यसलाई विशिष्टीकरण गर्ने प्रयत्न गरे (*कामसूत्र* : २/१० पृ. १-९) । *तीन घुम्ती* उपन्यासमा इन्द्रमाया यस चेतनालाई महत्त्व दिन्छिन् ।

यस मान्यताका आधारमा कोइरालाको *तीन घुम्ती* उपन्यासमा उनका कथामा जस्तै यौनलाई रागमयवृत्तिको रूपमा मात्र नभएर विवेकमय जीवनवृत्तिकै रूपमा पनि महत्त्व दिइएको छ । 'कामशास्त्र' केवल रतिशास्त्रको रूपमा मात्र नभएर यस उपन्यासमा 'कलाशास्त्र' अथवा 'सौन्दर्यशास्त्र'को रूपमा प्रयोग भएको छ । दृष्टान्तका निमित्त कोइरालाका कथा र उपन्यासका नारी पात्रहरूको वैवाहिक र यौनिक चाहनाको खोज र विश्लेषण गर्न सकिन्छ । कोइरालाको प्रेम (पहिलो) कथाकी राजकुमारी, पवित्रा कथाकी पवित्रा, कर्नेलको घोडा कथाकी कर्नेल्नीलाई सन्तान प्राप्त गर्न अर्थात् मातृत्वको रक्षार्थ विवाह गर्न परेको छैन । बलिष्ठ लोग्ने चाहिएको छैन । तिनीहरूलाई यौनसन्तुष्टिका निमित्त अथवा दमित यौनअचेतनको परितृप्ति हेतु विवाहको चाहना छ, युवाको आवश्यकता छ, बलियो कर्नेलको खाँचो छ तर इन्द्रमायालाई यौनसन्तुष्टिका निमित्त बलिष्ठ लोग्ने (पीताम्बर) चाहिएको होइन । उसले पीताम्बरलाई गरेको प्रेमलाई सार्थकता प्रदान गर्न र त्यसको परिणाम सन्तान प्राप्त गरेर नारीको जीवन सफल पार्न पीताम्बरमा संभोगका निमित्त सक्रियता र जैविक उर्वरता खोजेकी हो ।

*तीन घुम्ती*की इन्द्रमाया योग्य र सचेत छे । उसमा पीताम्बर जत्तिकै राजनीतिक, सामाजिक ज्ञान पनि पाइन्छ । जीवन र मातृत्वका सम्बन्धमा इन्द्रमाया पीताम्बरभन्दा अझ बढी सचेत छे । उसले प्रेमविवाह गर्दा पीताम्बरबाट केवल यौनसन्तुष्टि मात्र खोजेकी थिइन् । सन्तान प्राप्तिका निमित्त सक्रिय सहयोग र सम्भोग चाहेकी थिई । वात्स्यायन के भन्छन् भने सन्तानप्राप्तिका निमित्त परिणाममुखी सम्भोग आवश्यक हुन्छ (*कामसूत्र* : २/१ पृ.३५-३७) । इन्द्रमायाले पीताम्बरलाई प्रेम त पूर्ण रूपमा दिई । पीताम्बरबाट आफूले पनि पर्याप्त प्रेम पाई तर सन्तान प्राप्तिका निमित्त चाहिने सहयोग भने उसले पीताम्बरबाट पाउन सकेकी छैन । उक्त उपन्यासमा सन्तान प्राप्तिका निमित्त सम्भोग आवश्यक छ भन्ने तथ्यलाई इन्द्रमायाको चेतन तहबाटै अभिव्यक्त गरिएको छ । पीताम्बरलाई राम्ररी भोजन गराएर सुत्ने कोठामा लिएर गएपछि इन्द्रमाया आग्रहसहित मृदु स्वरमा भन्छे– "सन्तान भनेको पतिपत्नीको सम्मिलित सहयोगको सुन्दर रचना हो । खोइ, यता त्यो सहयोग ?" (कोइराला, २०३५, पृ. २८)

कामवृत्तिको सर्वोच्चता *तीन घुम्ती* उपन्यासका तीनवटै घुम्तीहरूमा अभिव्यक्त भएको छ। पहिलो घुम्तीमा इन्द्रमाया आफ्नो पीताम्बर प्रतिको प्रेमलाई सन्तान प्राप्तिमा रूपान्तरित गर्न चाहन्छे तर त्यो सम्भव भएको छैन । यसका निमित्त पतिपत्नीकै समान सहभागिता आवश्यक हुन्छ भन्ने कुरा पनि उसले बुझ्केकी छे। इन्द्रमाया आफू आमा बन्न नसक्नुमा पीताम्बरको शारीरिक शिथिलता, कार्यव्यस्तता र उसको प्रणयविलासप्रतिको उदासीनता कारण देख्छे । बहुपत्नी सम्बन्धमा रमाउने पीताम्बर किन इन्द्रमायाका प्रति असहयोगी भएको छ र उसले आमा बन्न नपाएर जीवनको सार्थकताबाट वञ्चित हुनु परेको छ ? बुझ्केकी छैन। सन्तानप्राप्तिमा कामवृत्तिको सर्वोच्च भूमिकाको सङ्केत गर्दै उपन्यासमा इन्द्रमायाले आफ्नो चिन्ता र आशङ्का व्यक्त गरेकी छे। मनमनै पीताम्बरको आजकलको व्यवहारप्रति आशङ्का गर्दै भन्छे :

> किन यस्तो भए छ ? नारीत्वको कुन त्रुटिले अझसम्म ऊ माता हुन पाइन । पेटमा हात राखेर उच्छ्वसित स्वरमा उसले आफैंलाई भनी- केको त्रुटि हुन गएछ यहाँ ? हो, यता धेरै दिनदेखि पीताम्बरसँगको प्रणयविलास खण्डित माथि खण्डित भइरहेको थियो। कुन्नि किन हो पीताम्बर वैवाहिक शैय्यामा तड्केर हटेजस्तो गर्थ्यो। आज उसलाई लाग्यो कि के जननी हुन नसकेकीमा पीताम्बरले यसरी उसलाई दण्डित गरिरहेको त होइन ? प्रेमका सम्बन्धमा यत्रो विडम्बना। यदि यो कुरा सत्य हो भने लक्ष्य प्राप्तिको प्रयासमा भाँजो हालेर प्राप्य वस्तु शीघ्र नै उपलब्ध होस् भनी कसरी आशा राख्ने ? सहयोगको हात झिकेर प्राप्य कसरी उपलब्ध हुन सक्छ, पीताम्बर ! (कोइराला, २०३५, पृ. २५-२६)

सन्तानको विषयलाई लिएर इन्द्रमायाले पीताम्बरसँग खुबै सङ्घर्ष गरी । उसको सङ्घर्ष सफल भइरहेको थिएन। उसलाई लागेको थियो- सशरीर प्रेम दिए पनि सन्तान नहुनुमा पीताम्बर कारक हो। यस्तै बेला पीताम्बर जेल पऱ्यो । यस्तो असहज अवस्थालाई सहज र रमाइलो बनाउने रमेशलाई इन्द्रमायाले पीताम्बरलाई जस्तै सशरीर माया दिई । त्यसको परिणाम पनि पाई । ऊ छोरीकी आमा बन्न सफल भई । उपन्यासको दोस्रो घुम्तीमा कामवृत्तिको सर्वोच्चता र सन्तुष्टिको यसरी बयान गरिएको छ। इन्द्रमाया निर्णय गर्छे :

> अब म हठ गर्दिन.. यस प्रकार उसले आफ्नो शरीरको बाधा फुकाइदिएकी थिई। यस प्रकार निर्बाध सम्बन्धमा इन्द्रमाया र रमेश बाँधिए त्यो रात... भोलिपल्ट ऊ सधैंको भन्दा चाँडो उठी। शरीरले न्यानो आनन्दको भोग गरिरहेको उसलाई लाग्यो । जिउ हलुको भएको थियो, मानौं कुनै ठुलो बोझ्ा मिल्काएर ऊ रातभरि बिसाइरहेकी थिई। ... यस्तै किसिमको सम्बन्ध थियो मेरो पीताम्बरका प्रति पनि,- उसलाई प्रेमको सर्वोच्च आसनमा स्थापित गरेर म अकिञ्चन याचिका थिएँ त्यहाँ । त्यहाँ थियो मेरो प्रेमको समर्पणमय अनुभव । तर यहाँ निरन्तर मेरा उपर समर्पित भइरहेको अनुभव थियो, मानौं कुनै देवीभक्तले चढाएको भोग पाइरहेकी छ। प्रेमिका त्यहाँ भक्तिनी थिई भने यहाँ त्यही प्रेमिकादेवी भएकी छ। देवीको आसन सन्तोषमय आन्दन दिँदैन भनी कसरी भन्ने ? (कोइराला, २०३५, पृ. ५६-५७, पृ. ५९)

*तीन घुम्ती* प्रेमको उत्कर्ष प्रस्तुत गरिएको उपन्यास हो । यस उपन्यासले भौतिक र शारीरिक प्रेमको सफलता देखाए पनि भावनात्मक प्रेमले बढी महत्त्व पाएको छ । आदर्श प्रेमको उत्कर्ष

यस उपन्यासको प्राप्ति हो । तर भावनात्मक प्रेमलाई महत्त्व दिन खोजे पनि इन्द्रमायाका मुखबाट प्रकारान्तरले कामवृत्तिकै सर्वोच्चता प्रस्तुत भएको छ । इन्द्रमायाले पीताम्बरलाई माया दिए पनि उसको जीवनमा सम्पन्नता देखिन । सन्तानविनाको जीवनलाई इन्द्रमाया सायद अपूर्ण ठान्छे जसमा कामवृत्तिको सार्थक प्रयोग हुन नसकेको होस् । अर्को प्रेमी रमेशको जीवनलाई सुखी र सम्पन्न देख्छे । भन्छे :

> रमेश पनि सुखी र सम्पन्न छ रे । बाबुसँग झगडा गरेर आफ्नो अंश लिएर छुट्टियो रे ऊ र आजकल संसद्को सदस्य छ रे । मनग्य छोराछोरी पनि छन् रे उसका । इन्द्रमायाले सुनिने गरी मधुरो स्वरमा एक्लै बोली 'जीवन यही हो'। छोरीको प्रेमीलाई आशीर्वाद दिँदा पनि फेरि भनी "यसको फरासिलो स्वभाव रहेछ रमेशकै जस्तो । (कोइराला, २०३५, पृ. ९३-९४)

इन्द्रमाया सम्भोगलाई सन्तान प्राप्तिका निम्ति अनिवार्य ठान्छे । फ्रायडले जस्तो यौनअचेतन सन्तुष्टिका निमित्त नभएर वात्स्यायनले भनेझैँ सन्तान प्राप्त गरेर सफल जीवन जिउनको लागि उसले सम्भोगको महत्त्व देखेकी छे । त्यसैले सन्तान दिन नसक्ने पति पीताम्बरलाई उच्च भावनात्मक प्रेम गरे पनि उसको भावी जीवन सम्पन्न देख्दिन ।

## *तीन घुम्ती* उपन्यासमा नारीअस्मिता र मातृत्व

आचार्य वात्स्यायनले *कामसूत्र*मा नारीस्वतन्त्रता, अस्तित्व र मातृत्वको विशेष चर्चा गरेका छन् । यस प्रयोजनका लागि उनले आफ्नो 'कामशास्त्र' मा 'कन्यासम्प्रयुक्त' र 'भार्याधिकारिक' नामक दुई अध्यायहरूकै सिर्जना गरेका छन् । जीवनका ६४ कामकला र उपकामकलाहरूमा नारीको सक्रिय सहभागिताको लागि उनले यी अध्यायहरूको सिर्जना गरेका हुन् । नारीस्वतन्त्रता र अधिकारका सम्बन्धमा पनि यी अध्यायहरूमा विशद रूपमा परिचर्चा गरिएको छ (*कामसूत्र* : १/५/३) । कोइरालाले *तीन घुम्ती* उपन्यासमा प्रेम र कामवृत्तिको समन्वय, नारीस्वतन्त्रता र अस्तित्व तथा मातृत्वलाई सर्वोपरि महत्त्व दिएर वात्स्यायनशास्त्रीय सिद्धान्तको युगीन प्रभावलाई औपन्यासिकता प्रदान गरेका छन् । वात्स्यायन नारीस्वतन्त्रता, अस्तित्व र मातृत्वको रक्षार्थ सम्प्रयोग अर्थात् सम्भोग आवश्यक र अनिवार्य ठान्छन् । यसका निमित्त नायकनायिका (पतिपत्नी) सचेत हुनु आवश्यक हुन्छ । कामशास्त्रको ज्ञानविनै गरिएको सम्भोग तिर्यकयोनि अर्थात् पशुपंक्षीको मैथुनजस्तो सामान्य मानिन्छ । (*कामसूत्र* : १/२, पृ. १८-२०)

यस मान्यताका आधारमा *तीन घुम्ती*की इन्द्रमायाको ज्ञान र व्यवहारहरू संस्कृति सापेक्षवादको सिद्धान्त निर्देशित युगीन देखिन्छन् । इन्द्रमायाले नेपाली समाज, परिवेश र मनोविज्ञानको अधीनमा रहेर पीताम्बरसँग प्रेम गरी, विवाह गरी । यसकै अधीनमा रहेर उसले पति पीताम्बरबाट प्रेम चाहेकी छे, सन्तान चाहेकी छे, अस्तित्व चाहेकी छे । उपत्यकाका नेवारनेवार्नी-पुत्री इन्द्रमाया पर्वते ब्राम्हणपुत्र पीताम्बरसँग आफ्नै निर्णयले प्रेम र विवाह गर्न पुग्छे । उक्त उपन्यासमा नारीअस्मिताको अध्याय यहीँबाट आरम्भ हुन्छ । आमाबाबुको आज्ञालाई उल्लङ्घन गरेर राजनीतिमा लागेर भविष्य नै बेठेगान भएको बाहुन केटासँग प्रेम विवाह गर्नु इन्द्रमायाले नारी स्वतन्त्रता र अस्मिताका निमित्त चालेको पहिलो पाइला थियो । उसले पीताम्बरकी प्रेमिका मात्र बन्ने निर्णय गरिन् । उसको सुख दुःख र राजनीतिक सङ्घर्षमा अर्धाङ्गिनी भएर साथ दिने प्रणसमेत गरी ।

उपन्यासमा देखिएको इन्द्रमायाको यो साहस मन परेको, माया बसेको केटो पीताम्बरप्रतिको समर्पण मात्र थिएन । यसको बदलामा इन्द्रमायाले पनि पीताम्बरबाट आफूले जस्तै सहयोग चाहेकी थिई । सम्मान र अस्तित्व खोजेकी थिई । पीताम्बरलाई साथ दिँदादिँदै एक दिन ऊ झल्याँस्स भई । धेरै समय भयो, पीताम्बरको प्रेम र विवाहबन्धनमा बाँधिएको तर उसको जीवन पूर्ण भएको छैन । उनले पत्नी, नारी र आमाको अस्तित्व प्राप्त गर्न सकेकी छैन । उसको काख खाली छ । ऊ माता हुन पाएकी छैन । यसका लागि अनुकूल अवसरमा पीताम्बरसँग सहयोगको याचना गरी । समय बित्दै जाँदा पीताम्बर बदलिँदै गएको थियो । पहिलेजस्तो घरमा आएको मन पर्ने, अरू युवकहरूभन्दा धेरै नै राम्रो, अग्लो, सिनित्त परेको छरितो थिएन । उसको शरीर उस्तै भए पनि बानीबेहोरामा धेरै परिवर्तन भइसकेको थियो । सन्तानको चाहना र नारीअस्तित्वको रक्षाले चिन्तित इन्द्रमायाले पीताम्बरसँग सहवास (सम्भोग) को सहयोगको कामना गरी । इन्द्रमायाको प्रस्ताव सुन्नेबित्तिकै पुरुषदम्भ भरिएको रुखो स्वरमा पीताम्बर झर्कियो । प्रेमको भाव र भाषा पनि बुझ्न चाहेन । असाध्य थाकेको वहाना गर्दै टार्न र झर्किन छोडेन ।

नारीको कर्तव्य ठानेर इन्द्रमायाले सही । सेवा गर्दै रही तै पनि पीताम्बरमा प्रेमको मृदु सौरभमय रूप कतै देखिएन । उल्टै इन्द्रमायाको चरित्रमाथि आशङ्का गर्दै आफ्नो निर्लज्ज कमजोरी छोपेर ऊ गर्जियो– "तिमी नै होइन आँखा राम्ररी उघारेर यो जीवन ग्रहण गर्न म कहाँ आएकी ?... घरमा केटाकेटी भएनन् भनेर मलाई के सुनाएकी ? तिमीमा पो कहीँ बिगार छ कि ... बन्ध्या..." (कोइराला, २०३५, पृ. २८) । नारीअस्मिता र मातृत्वको खोजीमा लागेकी इन्द्रमायाले अपमान पाई। असत्य आरोप समेत खेपी। यस्तै विवादमा रात बित्यो तर रात बित्दा नबित्दै पीताम्बर पक्राउ पऱ्यो । रातभरिको कटुता, निराशा र क्षोभ बिहानको हल्लीखल्लीसँगै हराएर गयो । अब इन्द्रमायाले बन्दी पीताम्बरको हेरचाह गर्नुपर्ने भयो (कोइराला, २०३५, पृ. २९) । उसले पतिका प्रतिको प्रेम र कर्तव्यलाई पूर्णतः निर्वाह गर्दै नारीस्वतन्त्रता र अस्तित्वको खोजीका साथ मातृत्वप्राप्तिको चाहनालाई पनि आफूभित्रै दबाएर राखी । *तीन घुम्ती* उपन्यासमा इन्द्रमायाले गरेको नारीस्वतन्त्रता र अस्तित्वको सङ्घर्ष र मातृत्वको चाहनालाई करुणा र संवेदनका साथ विश्लेषण गरिएको छ ।

पीताम्बर बन्दी बनेपछि इन्द्रमाया असहाया एक्ली भई । उसलाई पीताम्बर र आफ्नै हेरचाह पनि निकै कठिन थियो । रमेशले उसलाई पूरै साथ दियो । पीताम्बरलाई खानपिन, सरसामान खेप्नेदेखि इन्द्रमायाको हेरचाह गरेर उसलाई रमाइलो दिलाउने काम पनि रमेशले गऱ्यो । रमेश नौलो मानिस थिएन । पीताम्बरले माया गर्ने उसकै साथी थियो । त्यसो हुँदा इन्द्रमायालाई सहयोग लिन असजिलो पनि थिएन । रमेशले इन्द्रमायालाई पीताम्बरले जस्तै माया दियो । उसले पनि रमेशलाई उत्तिकै माया दिई । रमेश इन्द्रमायाबाट शरीरदानसहितको माया चाहान्थ्यो । सामाजिक व्यवस्था र मानसिक द्वन्द्वका कारण इन्द्रमायाले रमेशलाई शरीर दान गर्ने विषयमा निर्णय लिन सकेकी थिइन । नारीस्वतन्त्रता, अस्मिता र खास गरी मातृत्वको चाहनाले उसभित्रको सामाजिक व्यवधान र मानसिक द्वन्द्वको पर्दा जबर्जस्ती फालिदियो । इन्द्रमायाले हठ छोडिदिई । आफ्नो शरीरको बाधा रमेशका अगाडि फुकाइदिई । रमेशसँगको निर्बाध सम्बन्धमा बाँधिएकी इन्द्रमायाले त्यस रातपछि आफूमा अपार खुसी पाई । नारीस्वतन्त्रता र अस्मिताको निर्वाध उपयोग गरेको अनुभव गरी । त्यति मात्र होइन, रमेशसँगको यो

सुखद सम्बन्धले उसलाई सन्तति (छोरी रमा) उपहार दियो । *तीन घुम्ती* उपन्यासको दोस्रो निर्णय अर्थात् घुम्तीका रूपमा इन्द्रमायाले प्राप्त गरेको नारीस्वतन्त्रता, अस्मिताको रक्षा र मातृत्व प्राप्तिको रोचक व्याख्या गरिएको छ ।

सामाजिक, मनोवैज्ञानिक तथा पारिवारिक आचारशास्त्र कामसूत्रमा वात्स्यायन सन्तानप्राप्तिमा सम्भोगको सार्थकता देख्छन् । यस उपन्यासमा इन्द्रमाया सन्तान प्राप्तिमा अपार आनन्द प्राप्त गर्छे । अनि उसले रमेशलाई सशरीर प्रेम दिएर के गल्ती गरेकी छे र ! ऊ मनमनै अनुभव गर्छे :

> जीवनमा यति ठुलो सन्तोष मलाई फेरि कहिल्यै भएन । पलङको छेउमा सेतो थाङ्नामा बेरिएकी मानवआकृति धारी जीवित मांसको सानो पुतली- मेरो आफ्नै सन्तान सँगसँगै सुतेकी म-आमा इन्द्रमाया ! पति पनि धेरै दिनको कारावास बिताएर आजै घर आएको छ । योभन्दा सन्तोष अरू के हुन सक्छ र जीवनमा ? मानवजीवनलाई ईश्वरले दिने वरदान यही त हो नि ! अपरिमित सुख र सन्तोषको चकमन्न निर्द्वन्द्वतामा सोच्दा सोच्दै भुसुक्क निदाएँछु । (कोइराला, २०३५, पृ. ७२)

आचार्य वात्स्यायनले प्रणयशास्त्र कामसूत्रको प्रणयन गर्दा कामवृत्तिको इतिहासको खोज गर्दा कामसूत्रलाई युगीन शास्त्रीय सिद्धान्तको रूपमा प्रतिपादन गर्दा र मानवजीवनमा कामवृत्तिको सर्वोच्चता स्थापित गर्दा जीवनमा इन्द्रमायाकै जस्तो सुख र सन्तोषको परिकल्पना गरेका थिए । त्यति मात्र होइन सम्भोग सिद्धान्तको प्रवर्तन र विशिष्टीकरण गर्दा, कामवृत्तिलाई कामकला र सौन्दर्यशास्त्रको गरिमा प्रदान गर्दा, नारीमनोविज्ञान र नारीकेन्द्री कामकलाको उद्भावना गर्दा अनि प्रणयलाई सामाजिक आचारशास्त्रको रूपमा विकास गर्दा नारीको जीवनसार्थकताको केन्द्र मातृत्वशक्तिको अपरिमित क्षमताको परिकल्पना गरेका थिए । इन्द्रमायाले वात्स्यायनको शास्त्रीय मान्यतालाई चरितार्थ गरेर अपार आनन्द लिएकी छे ।

इन्द्रमाया चाहन्थी नारी अस्मितालाई, मातृत्वलाई उसको पति पीताम्बरले सम्मान गर्ने छ । छोरीलाई उसले स्विकार्ने हो अथवा होइन भन्ने चिन्ता इन्द्रमायामा रत्तिभर थिएन । थियो के भने पीताम्बरले नारीको प्रिया तत्त्व र माता तत्त्वको सम्मान गर्छ कि गर्दैन, उसलाई हेर्नु थियो । इन्द्रमायाको अस्तित्वले खोजिरहेको थियो– छोरीलाई साथै लिएर पति पीताम्बरलाई पाइराखूँ । पति पीताम्बरसँगै पुत्रीलाई पनि सधैँ पाइराखूँ । इन्द्रमायाले सोचेअनुसार हुन सकेन । पीताम्बरले कि आफूलाई त्याग्नुपर्ने अथवा पुत्रीलाई त्याग्नु पर्ने कठोर शर्त थोपर्‍यो । वात्स्यायनको कामसूत्रको मर्म बुझेकी इन्द्रमायाले अहङ्कारी र पुरुषहठवादी तर सन्तान सुख दिन नसक्ने पति पीताम्बरलाई नै त्याग्ने तेस्रो निर्णय लिई । मातृत्वशक्तिले उसलाई यही निर्णय लिन प्रेरित गर्‍यो इन्द्रमाया छोरी रमालाई लिएर घरबाट बाहिरिई । मातृत्व रक्षार्थ यस्तो कठिन निर्णय लिँदा पनि इन्द्रमाया *तीन घुम्ती* उपन्यासमा लोग्नेका प्रति कठोर देखिएकी छैन । उसलाई थाह छ, पीताम्बरले सन्तान दिन सकेन र उसको क्षमता पनि देखिदैनथ्यो तर उसले पतिलाई कहिल्यै तिरस्कार गरिन । निरन्तर मायाको वर्षा गरेर नारी आदर्शको अथवा प्रेमको आदर्शको कठोर पालना गरेकी छे । घर छाड्दा पीताम्बरलाई लेखेको चिट्ठीमा इन्द्रमाया भन्छे :

> प्रियतम, सम्बोधनका लागि क्षमा चाहन्छु तर मेरो हृदयको भावनाले स्वाभाविक किसिमबाट उच्चारित गरेको सम्बोधन हो । म तिमीसँग बिदा लिँदैछु । यसकारण म यो चिट्ठी

लेख्दैछु कि बिदाको दिन म तिमीलाई कुनै किसिमको व्यथा दिन चाहन्न । रमासँग तिम्रो परिचय हुन पाएन, त्यस कारण बिदा हुने बेलामा उसले रमाइलो मात्र मानिरही । तर तिम्रो पत्नीले तिमीलाई छाड्नु पर्दा उसले मात्र बुझ्केकी छ कि जीवनलाई एकदम आधा पारेर, आफूलाई आधा मात्र बाँकी राखेर ऊ गइरहेकी छे । म जहाँ पनि रहुँला तिमीलाई माया गरिरहूँला र त्यो मायाले सदा गौरवान्वित भइरहुँला । हाम्रो फिक्री नगर्नू । म यति शिक्षित त छँदैछु कि दुई प्राणीको दैनिक व्यवस्था गर्न सक्छु । (कोइराला, २०३५, पृ. ९२-९३)

संस्कृति सापेक्ष लोकमर्यादा, छोरी र आफूलाई जतिसुकै तिरस्कार गरे पनि लोग्ने पीताम्बरका प्रतिको प्रेमलाई अजरामर राख्दै इन्द्रमायाले *तीन घुम्ती* उपन्यासमा जुन तेस्रो निर्णय लिएकी छे त्यसले नारीस्वतन्त्रता र अस्तित्वको रक्षा गर्दै मातृत्वको सम्मान गरेको छ । तसर्थ यस उपन्यासमा वात्स्यायनको कामशास्त्रीय प्रभाव अनुपालित देखिन्छ ।

## *तीन घुम्ती* उपन्यासमा आचारहीनता र कामान्धताको निषेध

जीवनमा कामवृत्तिलाई सर्वोच्च महत्त्व दिँदादिँदै पनि आचार्य वात्स्यायनले कामकलाको प्रयोगका सन्दर्भमा मानिसले गर्ने आचारहीन व्यवहार र कामान्ध प्रवृत्तिलाई घोर घृणा गरेका छन् । उपयुक्त स्थान, काल र परिवेशमा गरिने पतिपत्नीबिचको शिष्ट सम्भोग कार्यलाई मात्र जीवनका लागि आवश्यक र अनिवार्य ठानेका छन् (शर्मा, २०७५, पृ. २९) । उनको मान्यताअनुसार सम्भोगको उपयुक्त अवस्था युवावस्था हो र उपयुक्त समय रात्री हो । *तीन घुम्ती* उपन्यासमा इन्द्रमाया सन्तान प्राप्तिमा ढिलाइ हुँदा पश्चात्तापमय वञ्चितताले शिथिल भएकी छे । पीताम्बरको हेरचाह र सेवामा ध्यान दिएर उसको पूर्ण सन्तुष्टिद्वारा सक्रिय सहवास गरी सन्तान प्राप्त गर्ने उत्साह भने उसले मारेकी छैन । यसका लागि उसले रातको समय उपयोग गरेकी छे । उसले पीताम्बरलाई पतिको रूपमा वरण गरेको समय पनि रात्री नै थियो । मध्यराती घरपरिवार छोडेर इन्द्रमाया पतिको रूपमा पीताम्बरको बाहुपाशमा आबद्ध हुन पुगेकी थिई । आजको रातलाई इन्द्रमाया पीताम्बरसँगको प्रेमलाई सन्तान प्राप्त गरेर पूर्णता दिने कार्यमा प्रयोग गर्न लागेकी छे । भन्छे :

झट्टै पानी तताइदिन्छु । मुख हात धोएर आऊ । भान्सा तयार पनि चाँडै गर्छु । आज कतै बाहिर जाने होइन नि ! रात घरमै बिताउनु पर्छ । ... पत्नीले पतिलाई भोजन गराएर आफूले पनि खाइसकेपछि घरमा अरू काम सिध्याइवरि साग्रह सुत्ने कोठामा लिएर गई । (कोइराला, २०३५, पृ. २७)

यस उपन्यासमा इन्द्रमायाले गरेको व्यवहार, घरको जिम्मेवारीको निर्वाह र पतिलाई सन्तुष्ट राख्ने कौशलले कतै पनि आचारहीनता र कामान्धताको सङ्केत गर्दैन । उसलाई पतिलाई फकाएर जसरी पनि सम्भोगका लागि राजी गर्नु छ । माता बन्नु छ तर कुनै जोर जबर्जस्ती देखिँदैन । आदर्श सम्भोगकै माध्यमबाट उसले आफ्नो मातृत्वको चाहना पूरा गर्ने प्रयत्न गरेकी छे । उता पीताम्बरको मिल्ने साथी रमेश उसको सीमा बाहिरको स्वभावका बारेमा इन्द्रमायालाई कुरा लगाउँछ । इन्द्रमाया आफैंलाई पनि पीताम्बरको बहुपत्नीसम्बन्ध बारेमा जानकारी थियो । उसले यसलाई रत्तिभर पनि अन्यथा लिइन । इन्द्रमायाको स्वभाव र व्यवहार सांस्कृतिक सापेक्षवादको मान्यतामा आधारित थियो । वात्स्यायनले

स्थान, काल र संस्कारका कारणले मानिसका व्यवहारहरू भिन्नभिन्न हुन्छन् भन्ने मान्यतामा विश्वास गरेका छन् । *तीन घुम्ती* उपन्यासमा इन्द्रमायाको चरित्रको संरचना यही मान्यतामा आधारित भएर निर्माण भएको छ ।

इन्द्रमाया पीताम्बर जत्तिकै योग्य छे तैपनि नेपाली समाज र संस्कारअनुसारको दायित्व पूरा गर्छे । पतिको हेरचाह, सेवा र सम्पूर्ण घरको जिम्मेवारी हामी नारीहरूकै हो भन्ने मन्यतामा ऊ विश्वस्त छे । उसले दासीको रूपमा होइन, कर्तव्यशील आदर्श पत्नीको रूपमा आफ्नो जिम्मेवारी पूरा गरेकी छे । यसैले ऊ यौन अथवा सम्भोगलाई पनि  आवश्यक त देख्छे तर आचारहीन सम्भोग चाहन्न, कामान्ध बन्न चाहन्न । यौनअचेतन परितृप्ति गर्ने माध्यमको रूपमा उसले यौनलाई कहिल्यै लिइन । बरु नारीको अस्तित्व र अधिकारको रूपमा यसलाई लिएकी छे । उसको मान्यता छ, मातृत्व नारीको अधिकार हो, अस्तित्व हो । यसलाई प्राप्त गर्न सम्भोग आवश्यक छ । सम्भोग पतिबाटै अपेक्षा गरिन्छ तर अस्तित्व रक्षार्थ अरू कसैसँग सम्भोग गरिन्छ भने त्यसले पतिको दर्जा कदापि पाउन सक्दैन । इन्द्रमायाले सामाजिक सदाचार र व्यक्तिगत प्रेमको आदर्शलाई अघि राखेर निर्णयहरू लिएकी छे ।

कामवृत्तिको व्यावहारिक प्रयोगको चाहना राख्दा इन्द्रमायाले यस उपन्यासमा त्यसको आचारहीन र कामान्ध प्रयोगलाई सधैँ घृणा गरी र आदर्श प्रयोगलाई महत्त्व दिई । उसले वात्स्यायनले *कामसूत्र* मा उल्लेख गरे झैँ सन्तान दिन सफल र सक्षम पति चाहेकी थिई । आफ्नो पति पीताम्बरमा त्यो क्षमता नभए पछि सन्तान प्राप्त गर्नसम्मको लागि अथवा मातृत्वको रक्षा गर्नका निमित्त उसले रमेशसँग सहवास गरी । रमेशसँगको उसको सम्भोग अथवा सहवास पनि आचारहीन र कामान्ध थिएन । आवश्यकताको आदर्श कार्य थियो । यो कार्य गरेर इन्द्रमायाले आफ्नो जीवनलाई निरर्थक हुनबाट बचाएकी छे । यसैले ऊ आफूले गरेका निर्णयहरूप्रति गर्व गर्छे, पछुतो गर्दिन । *तीन घुम्ती* उपन्यासमा इन्द्रमायाका पत्नी, प्रिया र जननी अर्थात् पतिंवरा, गर्भधारिणी र माताका निर्णयहरू उसले गरेका नारीअस्तित्वको रक्षाका कार्यहरू थिए । प्रेमको आदर्शका उदाहरणहरू थिए । मातृत्वको महत्त्व र सम्मानका कार्यहरू थिए । यति मात्र होइन, कामवृत्तिको प्रयोगका आदर्श कार्यहरू पनि थिए ।

तीनघुम्ती उपन्यासभित्र पाइने इन्द्रमायाको नारी अस्तित्वको मार्मिक चिन्तनभित्र कामसूत्रमा पाइने र आचारशास्त्रीय मान्यताहरू पनि अन्तर्भूत रहेका देखिन्छन् । रमेशसँगको सहवासबाट प्राप्त सन्तानलाई पीताम्बरले आचारहीन र कामान्ध कार्य ठान्यो । इन्द्रमायाका दृष्टिमा यो पीताम्बरको आडम्बरी समाज र उसको अल्पबुद्धिको परिणाम थियो । इन्द्रमायाले यसलाई नारीअस्तित्व, पत्नी र माता हुनुको गौरव र मातृत्वरक्षाको अवश्यंभावी आदर्श कार्य ठानी । पीताम्बरलाई अथवा गृहपरित्याग गरेर छोरीसाथ बाहिरिन लाग्दा ऊ मनमनै सोच्छे :

> अहिलेको समस्या त उसको अस्तित्वसँग सम्बन्ध राख्थ्यो । आफ्नो अस्तित्व लोप गराएर मात्र इन्द्रमाया अहिलेको समस्यातर्फ विमुख बन्न सक्ने थिई । पीताम्बरका कुरा मानेको खण्डमा इन्द्रमाया नै रहने थिइन । यदि उसले आफ्नो जीवनको सत्यलाई पीताम्बरको आचरण र उसको विचारका सन्मुख निर्धक्कसित राखिन भने के ऊ प्रेमिका पत्नी र माताको पदबाट आफूलाई झारेर केवल परान्नभोजी दासीमा परिणत हुन्न र ? त्यस स्थितिमा जीवनको अर्थ नै लोप भएर जान्छ । उसले गरेको समाजत्याग, त्यसपछि उसले गरेको पीताम्बरको

> वरण र उसका प्रतिको प्रेम, रमेशबाट प्राप्त भएको त्यो तृप्तिदायी आनन्द आफ्नो गर्भको गौरव र अहिले चाहिँ माताको मर्यादा-के यी सबै तत्त्वहीन आकाशमा निस्सार भई बिलाउने बाफजस्ता हुन् र ? (कोइराला, २०३५, पृ. ८४)

*तीन घुम्ती* उपन्यासमा परम्परित गलत मान्यता र नारी स्वतन्त्रता तथा आदर्शबिचको कलापूर्ण द्वन्द्व पनि हो । उपन्यासमा इन्द्रमायाको पति पीताम्बर न प्रेमको आदर्शका दृष्टिले प्रतिबद्ध छ न कामवृत्तिको प्रयोगका दृष्टिले नै निष्कलङ्क छ । उसको विचारमा परम्परित पुरुष मनोवृत्तिको गलत प्रभाव र आग्रह छ । यही स्वभाव र आग्रहका कारण ऊ आफ्नो कमजोरी-इन्द्रमायालाई माता बन्ने अधिकार दिने क्षमताको अभावलाई बिर्सिएर उसको मातृत्वमाथि निरन्तर हठधर्मी प्रहार गर्दै जान्छ । इन्द्रमायामा भएको प्रेमको प्रवाह र कर्तव्यका निमित्त गरिएको रमेशसँगको सहवास धैर्यको सीमालाई तोड्दै बग्न विवश हुन्छ । ऊ रमेशको बहुपत्नी सम्बन्धप्रति व्यङ्ग्य गर्दै अस्तित्वरक्षार्थ गरिएको आफ्नो निर्णयको पक्षमा यसरी तर्क प्रस्तुत गर्छे :

> यौन, यौन, यौन ! के तिमी यौनको चिन्तनबाट एकक्षणका निमित्त नै भए पनि मुक्त हुन सक्तैनौ, पीताम्बर ? मानवजीवनमा यौनसम्बन्ध जतिसुकै आवश्यक भए पनि त्यसमा कमसेकम त्यो अधिकार-शक्ति चाहिँ कदापि छैन कि त्यसले यौनप्राप्त पुरुषलाई केवल त्यति कारणले मात्र पतिको प्रतिष्ठा प्रदान गरोस् । के तिमीले आफ्नो जीवनको अनुभवबाट यो देखेका छैनौँ र कि यौनसम्बन्धले तिमीलाई जो-जोसँग तिम्रो शारीरिक सम्बन्ध रहेको थियो ती सबैको पति बनाएन ? र वेश्याका सबै ग्राहक उसका पति होइनन् । (कोइराला, २०३५, पृ. ८५-८६)

इन्द्रमाया मातृत्व चाहन्छे । त्यसका निमित्त पतिसँगको सशरीर सफल प्रेम चाहन्छे । पीताम्बरबाट चाहना पूरा नभएपछि रमेशसँगको सहवासलाई सगौरव स्वीकार गर्छे । मानवजीवनमा सन्तानप्राप्ति र मातृत्वप्राप्तिका निमित्त यौनलाई आवश्यक ठाने पनि इन्द्रमायाले कामान्धयौन कहिल्यै पनि चाहिन । आचारहीन कामकलापलाई महत्त्व दिइन । रमेशबाट सन्तानसुख प्राप्त गर्न सफल भए पनि पतिको रूपमा उसले पीताम्बरलाई नै उच्चासन प्रदान गरी । उसको पतिप्रेममा कत्ति पनि कमी आएन । पतिका रूपमा इन्द्रमायाको पीताम्बरप्रतिको प्रेम *तीन घुम्ती* उपन्यासमा आदर्श प्रेमका रूपमा स्थापित भएको छ । रमेशसँगको यौनसम्बन्धलाई लिएर अल्पबुद्धिको सोच र नराम्रो दृष्टि राख्ने पति पीताम्बरलाई इन्द्रमायाले दिएका प्रेमसम्बद्ध तर्कले वात्स्यायनशास्त्रीय सिद्धान्तमा महत्त्व पाएको नारीस्वतन्त्रता र अस्तित्वको सम्मान भएको दृष्टान्त प्रस्तुत भएको देखाएको छ । यसर्थ कोइरालाको *तीन घुम्ती* उपन्यासमा वात्स्यायनशास्त्रीय मान्यताका मूलभूत वैशिष्ट्यहरूको प्रभावको खोज र विश्लेषण गर्न सकिने महत्त्वपूर्ण रचना हो ।

## निष्कर्ष

*तीन घुम्ती* उपन्यासमा इन्द्रमायाले पनि यौनलाई काम तुष्टिको कारक नबनाएर सन्तानप्राप्तिको आधार स्विकारेकी छे । यस उपन्यासमा वात्स्यायनसूत्रका धेरैजसो विशेषताहरूको प्रभाव रहेको छ । कामवृत्तिको सर्वोच्चता, नारीस्वतन्त्रता र अस्तित्व, व्यक्तित्व संरचनाका पक्ष र वृत्तिहरू कामान्धता र आचारहीनताको परित्याग प्रेमको आदर्श युवाकेन्द्री नारीयौन मनोविज्ञान जस्ता कामशास्त्रीय

विशेषताहरूको प्रभावलाई *तीन घुम्ती* उपन्यासले सफल कला अर्थात् सफल औपन्यासिकता प्रदान गरेको छ । यस उपन्यासमा इन्द्रमायाले नारी स्वतन्त्रताको पूर्ण उपयोग गरेर पिताम्बरसँग विवाह गरेकी छ । ऊ आफू स्वतन्त्र अस्तित्व र मातृत्वको अस्तित्वको निमित्त सङ्घर्ष गरेकी छ । उसको सङ्घर्ष कामवृत्तिको उपयोगद्वारा अस्तित्वसम्म पुग्ने अभियानको रूपमा देखिन्छ । यस उपन्यासमा विश्लेषण गरिएका इन्द्रमायाको जीवनका पतिंवरा, गर्भधारिणी र माताका तीन निर्णयहरूले कामवृत्तिको सर्वोच्चताभित्र नारी अस्मिता र मातृत्वको सम्मान गरेका छन् । प्रेमको आदर्श र अमरत्वलाई पनि उपन्यासमा उच्च कला प्रदान गरिएको छ। तसर्थ माथिको विमर्शबाट यो उपन्यास वास्त्यायनशास्त्रीय प्रभावलाई औपन्यासिकता प्रदान गर्न लेखिएको आख्यानकृति हो भन्ने निचोड निस्कन्छ ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, विश्वेश्वरप्रसाद (२०३५). *तीन घुम्ती.* चेतना साहित्य प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०२७). *नरेन्द्र दाइ.* चेतना साहित्य प्रकाशन ।

राई, इन्द्रबहादुर (२०३१). *नेपाली उपन्यासका आधारहरू.* नेपाली साहित्य परिषद् प्रकाशन ।

वात्स्यायन, कामसूत्रम् (२०६३). *रामानन्द शर्मा (टीकाकार).* कृष्णदास अकादमी ।

वात्स्यायन, कामसूत्रम् (२०६४). *श्रीदेवदत्त शास्त्री (टीकाकार).* संस्कृत संस्थान ।

शर्मा, उर्मिला (२०७५). *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला, वात्स्यायन र फ्रायड.* बिपी कोइराला ट्रस्ट ।

शर्मा, तारानाथ (२०२७). *नेपाली साहित्यको इतिहास.* सहयोगी प्रकाशन ।